# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।१० गते ।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कलैया, बाराका निमित्त कार्यालय प्रमुख किशोरी प्रसाद यादवले विभिन्न अनियमितता तथा भ्रष्टाचार गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज किशोरी प्रसाद यादवको शुरू नियुक्ति मिति २०४७/०३/३१ गतेदेखि मिति २०८०/०९/२९ सम्मको अवधिलाई जाँच अवधी कायम गरी निज तथा निजको एकाघर परिवार/संगोलमा रहेका व्यक्तिहरूले उपर्युक्त अवधिमा विभिन्न आयका स्रोतहरूबाट कानुनी रूपमा (Lawfully Obtained) आर्जन गरेको आयहरूलाई आयका रूपमा र सोही अवधिमा निजहरूले विभिन्न शीर्षकहरूमा गरेको प्रमाणित (Verified) खर्चहरूलाई व्ययका रूपमा गणना गर्दा वैधानिक आय आर्जनतर्फ पारिश्रमिक आय, भत्ता आय, घर/जग्गा बिक्री आय, ऋण सापटी लिएको रकम, ब्याज आय रकम, कृषि आय रकम, छोराको आय, श्रीमतीको आय गरी जम्मा रू.३,४६,२१,४०१/०९ (तीन करोड छयालीस लाख एक्काइस हजार चार सय एक रूपैया पैसा नौ) आय आर्जन गरेको देखिएको, त्यसैगरी सोही जाँच अवधिमा निज तथा निजको एकासंगोल परिवारका सदस्यहरूको व्ययतर्फका शीर्षकहरू जग्गा खरिद, घर निर्माण, शेयर खरिद, सवारी साधन खरिद रकम, अध्ययन खर्च, ऋण सापटी तिरेको रकम, विद्युतीय उपकरण खरिद बापतको रकम, आन्तरिक सजावट खर्च र अन्तिम बैंक मौज्दात गरी जम्मा रू.४,९३,०२,६२६/९९ (चार करोड त्रियानब्बे लाख दुई हजार छ सय छब्बीस रूपैयाँ पैसा उनान्सय) (व्यय) खर्च भएको देखिंदा समग्रमा कूल आय भन्दा कूल व्यय जम्मा रू.१,४६,८१,२२५/९० (एक करोड छयालीस लाख एकासी हजार दुई सय पच्चीस रूपैयाँ पैसा नब्बे) ले बढी भई सोही रकम बराबरको खर्च तथा लगानी (व्यय) को स्रोत नपुगेको देखिएकोले जाँच अबधिमा निजले आर्जन गरेको सम्पत्ति (खर्च तथा लगानी समेत) को स्रोत पुष्टि भएको नदेखिएकोबाट उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निजले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएकोले निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति श्रीमतीको नाममा समेत रहेको देखिंदा निज किशोरी प्रसाद यादव र निजको श्रीमती निर्मला कुमारी उपर देहायको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कलैया बाराका तत्कालीन निमित्त कार्यालय | रू.१,४६,८१,२२५/९० | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिए बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा बिगो रू. एक करोड छयालीस लाख एकासी हजार दुई सय पच्चीस रुपैँया पैसा नब्बे कायम |

| | | | |
|---|---|---|---|
| | प्रमुख तथा इन्जिनियर (आठौं तह) **किशोरी प्रसाद यादव** | | गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुनका साथै साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग र दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), सोही ऐनको दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति जफत हुन साथै सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेश गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको बिगो सम्पत्ति जफत हुन समेत मागदाबी लिइएको छ। |
| २. | प्रतिवादी किशोरी प्रसाद यादवको श्रीमती **निर्मला कुमारी** | - | प्रतिवादी किशोरी प्रसाद यादवले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति श्रीमती निर्मला कुमारी समेतले प्रयोग प्रचलन गरेको देखिंदा निजको श्रीमती निर्मला कुमारीको नाममा रहेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), ऐ. ऐनको दफा ४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका प्रचलित कानुन बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निज निर्मला कुमारीलाई प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने